# स्थानीय राजपत्र

खण्ड : २ | संख्या : ८ | मिति : २०७५।०२।२३


## भाग- २

## सुनिल स्मृति गाउँपालिका

### सुलीचौर, रोल्पा प्रदेश नं. ५, नेपाल

# मर्मत संभार कोष संचालन निर्देशिका, २०७५

*पारित मिति : २०७५।०२।२३*

**प्रस्तावना :**

सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि भौतिक पूर्वाधारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । भौतिक पूर्वाधारलाई मर्मत, संहार र दिगो गर्नको लागि मर्मत सम्भार कोष स्थापना गर्नुपर्ने आवश्यक भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रयोग गरी यो मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ तयार गरिएको हो ।

**परिच्छेद- १**

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यो निर्देशिको नाम 'मर्मत सम्भार कोष सञ्चालन निर्देशिका २०७५' रहनेछ ।

१.२ यो निर्देशिका गाउँपालिकाको सभाले पारित गरेपछि लागु हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

२. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) 'निर्देशिका' भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ सम्झनुपर्छ ।

(ख) 'गाउँपालिका' भन्नाले सुनिल स्मृति गाउँपालिका सम्झनुपर्छ ।

(ग) 'सचिव' भन्नाले गाउँपालिका सचिव तथा प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(घ) 'स्थानीय निकाय' भन्नाले गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) 'उपभोक्ता समिति' भन्नाले गाउँ टोल आदि क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना सञ्चालन गर्न बनेको समितिलाई सम्झनुपर्छ ।

(च) 'भुक्तानी रकम' भन्नाले निर्माण भएको भौतिक पूर्वाधारको भुक्तानी हुँदा गाउँपालिका अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिता समेतको रकमलाई जनाउँछ ।

## परिच्छेद- ३
## व्यवस्थापन समिति

३.१ व्यवस्थापन समितिको गठन :

क) मर्मत सम्भार कोषलाई वढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहनेछ :

१. गाउँपालिका अध्यक्ष- संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

३. गाउँपालिका अध्यक्षले तोकेको वडा अध्यक्ष मध्येबाट १ जना- सदस्य

४. गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिकाका सदस्य मध्येबाट १ जना- सदस्य

५. लेखा प्रमुख- सदस्य

६. प्राविधिक शाखा प्रमुख- सदस्य सचिव

ख) समितिको वैठक कम्तिमा ४ महिनामा एक पटक बस्नेछ र आवश्यक परेमा जुनसुकै वखत पनि बस्नेछ ।

ग) वैठक बसेको वखत वैठक भत्ता स्था.नि. आ.प्र. सम्वन्धी नियमावली अनुसार हुनेछ ।

घ) वैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा विशेषज्ञलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिने छ ।

३.२ व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार :

क) व्यवस्थापन समितिको निम्नानुसार काम कर्तव्य र अधिकार हुनेछ ।

१. गा.पा. मा रहेका सडकहरुको प्राथमिकता तोकी मर्मत सम्भारको एकीकृत वार्षिक कार्यक्रम बनाउने ।

२. मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने ।

३. मर्मत सम्भारलाई दिगो र भरपर्दो बनाउने उपायको खोजी गर्ने ।

४. भौतिक पूर्वाधार मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनीकरण गर्न ततसम्वन्धी कार्य योजना बनाउने ।

५. भौतिक पूर्वाधार मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाउने ।

६. भौतिक पूर्वाधार मर्मत सम्भार सम्बन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

## परिच्छेद-४
## कोष स्थापना

४. मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोष स्थापना गरिनेछ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

(१) नेपाल सरकारबाट मर्मत सम्भार कोषको लागि भनी तोकी दिएको रकम ।

(२) स्थानीय निकायबाट मर्मत संभारको लागि प्राप्त रकम ।

(३) स्थानीय गैरसरकारी संघसंस्थाबाट मर्मत सम्भारको लागि प्राप्त रकम ।

(४) अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाबाट मर्मत संभारको लागि प्राप्त रकम ।

(५) गाउँपालिकाबाट संचालन भएको रु. ५,००,०००।- भन्दा माथिका सडक निर्माण कार्यक्रमको भुक्तानी हुँदा भुक्तानी रकमको २ प्रतिशतले हुने रकम ।

(६) अन्य निकायहरुबाट मर्मत संभार कोषमा जम्मा हुने गरी तोकी दिएको रकम ।

४.१ कोष सञ्चालन :

(क) कोषको नाममा प्राप्त हुन आएको रकम सुनिल स्मृति गाउँपालिका कार्यालयको मर्मत सम्भार कोष नामको खाता खोली जम्मा गरिने छ ।

(ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको प्रमुखको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ ।

(ग) कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ ।

(घ) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-५
## कोषको खर्च प्रणाली

५. कोषबाट हुने खर्च :

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको मर्मत सम्भार कार्यमा मात्र खर्च गरिने छ ।

१. भौतिक पूर्वाधारहरु नियमित मर्मत सम्भार ।
२. भौतिक पूर्वाधारहरु पटके मर्मत सम्भार ।
३. भौतिक पूर्वाधारहरु आवधिक मर्मत सम्भार ।
४. आकस्मिक मर्मत सम्भार ।

## परिच्छेद- ६

६. मर्मत सम्भार कार्य गराउने व्यवस्था :

मर्मत सम्भार कोष व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाभित्र रहेका भौतिक पूर्वाधार नियमित मर्मत सम्भार, पटके मर्मत, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ। उपभोक्ता समितिबाट कार्य गराउँदा गाउँपालिकाबाट स्वीकृत उपभोक्ता समिति निर्देशिका अनुसार गरिने छ । भौतिक पूर्वाधारको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार कार्यालय आफैले पनि स्थानीय निकाय आ.प्र. सम्वन्धी नियमावली बमोजिम गर्न सक्ने छ ।

## परिच्छेद- ७
## विविध

७.१ मर्मत सम्भार कोष संचालन निर्देशिका संशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाबाट संशोधन गर्न सकिने छ ।

७.२ यो निर्देशिकामा उल्लेख भएको कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

७.३ यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीय तह संचालन सम्बन्धी ऐनसँग बाझिएको हदसम्म स्वतःनिष्कृय हुनेछन् ।

आज्ञाले,

**लेखनाथ न्यौपाने**

प्रमुख प्रशासकीय अधिकृत